**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ६६

पुनरावेदन नं. ९७–०७५-RB-०२७७

**मुद्दाः– आयकर (२०७२/०७३)।**

| | |
|---|---|
| पानीपोखरी काठमाण्डौस्थित आई.एम.ई. लिमिटेड (स्थायी लेखा नं. ३००७२६१४९) को तर्फबाट अधिकार प्राप्त सो कम्पनीका प्रबन्धक श्री सुरज खनाल.......................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................... १<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट.................................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री विष्णु प्रसाद बास्कोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री बलराम रिज्याल
शुरु कर्यालयको निर्णय मितिः–२०७४/०४/०८

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मितिः २०७५/०७/३०

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुबाट मिति २०७४/०४/०८ को कर निर्धारण आदेश उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ्ग कारोबार गर्ने करदाता आई.एम.ई. लिमिटेडले आ.व. २०७२/०७३ को आय विवरण आयकर ऐन, २०५८ (सं.स) को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ३५,३५,१७,६७५।८८ देखाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७३/०९/२८ मा पेश गरेको आय विवरण।

२. करदाताको आ.व. २०७२/०७३ को आय विवरण र पेश भएका हिसाव किताव विवरणहरूको छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतका आधारमा प्रस्तुत करदाताको यस आ.व. २०७२/०७३ को आयकर ऐन २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने आय समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दावी भएको, देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रू. ४३,३१,२८,४१४।६९ आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७४/०३/२२ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०३/२२ मा जारी भएको सूचना करदाताले मिति २०७४/०४/०१ मा बुझी लिएको ।

४. करदाताले मिति २०७४/०४/०१ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७४/०४/०८ मा पेश गरेको ।

५. करदाताबाट आ.व. २०७२/०७३ को करयोग्य आय रू. ३५,३५,१७,६७५।८८ भनी पेश भएको आय विवरण छानविन हुँदा सो आ.व. को लागि रु. ४३,३१,२८,४१४।६९ करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४/०४/०८ मा खडा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७४/०४/०८ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी आई.एम.ई. लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०५/२३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. आ.व. २०७२।०७३ मा व्यक्तिगत प्रयोजनको लागि खर्च गरेको रकमलाई प्रशासनिक खर्च अन्तर्गत बैठक भत्ता खर्च भनी विना आधार र प्रमाण रु. ७,००,००,०००।- लेखी सोही रकम आयकर प्रयोजनको लागि खर्च कट्टी लिई नाफा घटाउने उद्देश्यबाट अभिप्रेरित भई अवास्तविक खर्च लेखेको देखिएकोले उक्त बैठक भत्ता खर्च अमान्य गर्ने गरी भएको निर्णय आयकर ऐन, २०५८ को दफा १३ को विपरित भएको हुँदा आयकर ऐन २०५८ को दफा २१(१)(क) बमोजिम खर्च कट्टि नहुने भनी कार्यालयबाट भएको निर्णय कानूनसम्मत नै देखिएकोले निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०७/३० मा भएको निर्णय ।

८. ठूला करदाता कार्यालयबाट भएको उक्त मिति २०७४।४।२८ को संशोधित कर निर्धारण निर्णय पर्चा एवं त्यसलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०७५।७।३० को निर्णय समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७५/१२/११ मा यस न्यायाधिकरण समक्ष दर्ता भएको पुनरावेदन पत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०५/२५ मा भएको आदेश ।

## ठहर खण्ड

१०. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

११. पुनरावेदक आई.एम.ई. लिमिटेडको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री विष्णु प्रसाद बास्कोटाले कम्पनीको संचालन कम्पनी ऐन २०६३ को दफा ६३ अनुसार साधारण सभा र संचालक समितिको निर्णय बमोजिम हुने हुन्छ । संचालक समितिको बैठक घटिमा ६ पटक र बढी पनि बस्न पाउने प्रावधान छ । सो समितिको सदस्यहरुको बैठक भत्ता साधारण सभाको निर्णयबाट हुने भएको हुँदा सो बमोजिम संचालकहरुलाई प्रदान भएको बैठक भत्ता रकमको नियमानुसार लाग्ने कर समेत कट्टा गरी दाखिला गरिसकेको अवस्थामा बैठक भत्ता रकमलाई अमान्य गर्ने गरी भएको कर निर्धारण आदेश कानून प्रतिकूल छ । विधिसम्मत रुपमा भएका खर्चहरुलाई समेत अमान्य गर्ने गरी भएको कर निर्धारण आदेश त्रुटिपूर्ण हुँदा बदर गरी कुनै प्रकारको कर शुल्क तथा व्याज समेत नलाग्ने गरी निर्णय हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदक कम्पनीले आ.व. २०७२।०७३ मा व्यक्तिगत प्रयोजनको लागि खर्च गरेको रकमलाई प्रशासनिक खर्च अन्तर्गत बैठक भत्ता खर्च भनी विना आधार र प्रमाण रु. ७,००,००,०००।- लेखी सोही रकम आयकर प्रयोजनको लागि खर्च कट्टी लिई नाफा घटाउने उद्देश्यबाट अभिप्रेरित भई अवास्तविक खर्च लेखेको देखिएकोले उक्त बैठक भत्ता खर्च अमान्य गर्ने गरी भएको निर्णय आयकर ऐन, २०५८ को दफा १३ को विपरित भएको हुँदा आयकर ऐन २०५८ को दफा २१(१)(क) बमोजिम खर्च कट्टि नहुने भनी कार्यालयबाट भएको निर्णय कानूनसम्मत हुँदा सदर गरिनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो ।

१३. पुनरावेदकहरुका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा पुनरावेदन जिकिर अनुसारका बुँदागत दावी अनुसारका विषयहरुमा निम्नानुसार हुने देखिन आयो ।

१४. **बैठक भत्ता खर्च कट्टि अमान्य गरेको सम्बन्धमा**

कम्पनीले कम्पनी ऐनको व्यवस्था अनुसार कम्तिमा ६ पटक र बढीमा जतिसुकै पनि संचालक समितिको बैठक बस्न सक्ने कानूनी व्यवस्था भएको र सो कानूनी व्यवस्था बमोजिम संचालकलाई भुक्तानी गरेको बैठक भत्ताको कर समेत दाखिला गरेको वैधानिक खर्चलाई अवैधानिक भनी सो खर्च कट्टिलाई अमान्य गर्नु गैर कानूनी हो भन्ने पुनरावेदक करदाताको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, पुनरावेदक कम्पनीको संचालक समितिमा कति जना सदस्य रहेको भन्ने पुनरावेदन लेखनबाट खुलेको देखिदैन । मिसिल संलग्न संचालक समितिको निर्णयको छायाप्रति हेर्दा तीन जना संचालक रहेको देखिन्छ । तीन जना संचालकको लागि आ.व. २०७२।०७३ का लागि रु. ७,००,००,०००।- बैठक भत्ता भनी खर्च लेखेको पाइन्छ । एक जना संचालकको एउटा बैठकको के कति भत्ता पाउने हो भन्ने सम्बन्धमा कम्पनीको साधारण सभाबाट अनुमोदन भएको प्रमाणित कागजात पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । कम्पनीको वर्षभरीमा के कुन प्रयोजनका लागि के कति बैठक संचालन भए र प्रत्येक बैठक वापत प्रत्येक संचालकलाई के कति रकम के कुन माध्यमबाट भुक्तानी गरियो भन्ने कुराको आधिकारिक कागजात पुनरावेदक कम्पनीबाट पेश दाखिल गर्न सकेको अवस्था पनि छैन । पुनरावेदक कम्पनीले Meeting Expenses भनी भुक्तानी गरेको रकममा प्रत्येक महिना अग्रिम कर कट्टि गरी कर कार्यालयमा कर दाखिला गरेको आधारले मात्र आधिकारिकता पाउन सक्ने देखिदैन । विना सबुत प्रमाण रु. ७,००,००,०००।- प्रशासनिक खर्च भनी बैठक भत्ता वापत खर्च कट्टिको दावी गरेको देखिन्छ । कम्पनीले खर्च कट्टिको दावी गरेको रकम आयकर ऐन, २०५८ को दफा १३ को कानूनी व्यवस्था अनुकूल रहे भएको भनी पुनरावेदक कम्पनीले प्रमाणित गर्न सकेको अवस्था पनि नहुँदा आयकर ऐन २०५८ को दफा २१(१)(क) घरेलु वा व्यक्तिगत प्रकृतिको खर्चलाई कम्पनीको खर्च भनी खर्च कट्टिको दावी गरेको देखिदा खर्च कट्टिको दावी नपुग्ने ठहर गरी शुरु कर कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट भएको निर्णय कानून सम्मत देखिंदा परिवर्तन गरिरहन परेन ।

१५. अतः माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं. ३००७२६१४९ भएका पुनरावेदक करदाता आई.एम.ई. लिमिटेडको आ.व. २०७२/०७३ को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७४।४।८ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।७।३० मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु...................................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू.२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.............................................................३

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा मेरो सहमति छ ।

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल कात्तिक २८ गते रोज ५ शुभम......